**बैठक संख्या :**

आज मिति २०८०/०४/०२ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | कानुनी सल्लाहकार | श्री अखिलनाथ शर्मा |
| २ | | लेखा अधिकृत | श्री अर्जुन गौतम |
| ३ | | अधिकृत छैटौं | श्री [illegible] पन्त |
| ४ | | सहायक पाँचौं | श्री आनन्द प्रसाद शर्मा |
| | | ना.प | श्री कुमारी थापा |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा

२. बागलुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता तदर्थ समिति गठन गर्ने सम्वन्धमा ।

३. खानेपानीको शुद्धता सम्वन्धमा ।

४. खानेपानीको गुणस्तर कायम गर्नको लागि जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धमा ।

५. अनुगमन तथा नियमन समिति गठन गर्ने सम्वन्धमा ।

६. कर्मचारीहरुको कार्य विवरण सहितको जिम्मेवारी दिने सम्वन्धमा ।

७. सल्लाहकार समिति गठन गर्ने सम्वन्धमा ।

८. धन्यवाद ज्ञापन गर्ने सम्वन्धमा ।

९. बागलुङ नगर खानेपानी तथा उपभोक्ता तदर्थ समितिको कार्य जिम्मेवारी सम्वन्धमा ।

१०. प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धमा ।

११. दररेट निर्धारण सम्वन्धमा ।

१२. ल्याण्डफिल साईटको कवाडि संकलनको लागि तेश्रो पटक सुचना प्रकाशन गर्ने सम्वन्धमा ।

१३. अवैध संरचना हटाउने सम्वन्धमा ।

१४. सडक हेरालु राख्ने सम्वन्धमा ।

१५. कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धमा ।

१६. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । सो बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २

मिति २०८० साल श्रावण ०२ गतेका दिन बसेको बागलुङ नगरपालिका नगर कार्यपालिकाको बैठकबाट बागलुङ नगरपालिकामा सञ्चालित बागलुङ बजार खानेपानी आयोजना सञ्चालनको जिम्मेवारी पाएको बागलुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको वर्तमान समितिलाई बिघटन गरी स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११(ध) र खानेपानी तथा सरसफाइ ऐन -२०७९ को दफा ७(३) बमोजिम अब उप्रान्त उक्त संस्थाबाट सञ्चालन हुँदै आएको आयोजनाहरुको व्यवस्थापन नगरपालिका स्वयंले मिलाउने र अर्को व्यवस्था नभए सम्मको लागि देहायमा लेखिएको कार्य जिम्मेवारी सहित निम्न लिखित पदाधिकारीहरु रहेको बागलुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता तदर्थ समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः-

तदर्थ समितिः-

१. संयोजकः- श्री जयराम भारी

२. सदस्यः- श्री कृष्ण शर्मा

३. सदस्यः- श्री गोमा छन्त्याल

४. सदस्यः- श्री चन्द्र बहादुर सुबेदी

५. सदस्यः- श्री जया राजभण्डारी

६. सदस्य :- श्री दयाराम पौडेल

७. सदस्यः- श्री धन कुमारी सुनार

८.सदस्यः- श्री निर्मल कुमार श्रेष्ठ

९. सदस्यः- श्री लक्ष्मि बाँस्कोटा

१०. सदस्यः- श्री लाल बहादुर के.सी.

११.सदस्यः- श्री हरि बहादुर जि.सी.(सन्तोष)

निर्णय नं. ३

हालै उच्च अदालत पोखरा बागलुङ इजलासका रजिष्ट्रारज्यूको संयोजकत्वमा गठित कार्यदलबाट भएको अनुगमन नियमनबाट बागलुङ नगर क्षेत्रमा वितरित खानेपानीको नमुना परिक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाईएको हुँदा तत्काल आवश्यक प्रबिधि अवलम्बन गरी खानेपानीलाई शुद्ध एवं पिउन योग्य बनाई वितरणको व्यवस्था गर्न गठित तदर्थ समितिलाई निर्देशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर खानेपानी तथा सरसफाइ उपभोक्ता तदर्थ समितिलाई आवश्यक सहयोग गरी खानेपानीको गुणस्तर कायम गर्नको लागि एक जना स्वास्थ्यकर्मी र खानेपानी सँग सम्बन्धित एक जना प्राविधिक कर्मचारी समेत तत्काल नगर कार्यपालिकाबाट नै खटाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगर खानेपानी तदर्थ समितिबाट भए गरेका कार्यहरुको अनुगमन तथा नियमन गर्न नगर प्रमुख-१, उप-प्रमुख,-१, वडा नं. १,२,३ र ४ का वडाध्यक्ष, खानेपानी डिभिजन कार्यालयका प्रमुख-१, नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख-१ रहेको एक अनुगमन तथा नियमन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगर खानेपानी संस्थाममा कार्यरत कर्मचारीहरुको अभिलेख राखी प्रत्येक कर्मचारीहरुलाई कार्य विवरण सहितको जिम्मेवारी दिने र संस्थाको नियमित काम कारवाहीका लागि एक जना कर्मचारी नगर कार्यपालिकाको कार्यालयबाट खटाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगर खानेपानी तथा सरसफाइ तदर्थ समितिलाई आवश्यक राय सल्लाह सुझाव दिन सल्लाहाकार समितिको महसुश भएको अवस्थामा तदर्थ समितिको परामर्शमा आगामी बैठकबाट एक सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विगत २०७२ साल देखि हाल सम्म नगर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष श्री हरि प्रसाद श्रेष्ठको नेतृत्वमा रही योगदान पुर्याउनु हुने सम्पूर्ण कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

बागलुङ नगर खानेपानी तथा उपभोक्ता तदर्थ समितिको कार्य जिम्मेवारी देहायमा लेखिए बमोजिम हुनेछ ।

**तपशिल:-**

१. खानेपानी उपभोक्ताहरुबाट नयाँ सदस्यता प्रदान गर्नका लागि सूचना प्रकाशित गरी अधिकतम सदस्यहरुको उपस्थिति हुने गरि सदस्यता व्यवस्थापन गर्ने र ६ महिना (२०८० पौष मसान्त) भित्र नयाँ कार्य समितिको निर्वाचन सम्पन्न गर्ने ।

२. ब्रिघटित समितिबाट संस्थाको आय-व्यय तथा सम्पत्ति र अन्य दायित्व सहितको विवरण लिई आगामी असोज मसान्त भित्र आन्तरिक लेखा परिक्षण गराई संस्थाको आय-व्ययको हिसाब किताब सार्वजनिक गर्ने र सोको जानकारी नगरपालिकालाई दिने।

३. संयोजक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संस्थाको बैंक खाता सञ्चालन गर्ने ।

४. खानेपानीको नियमित आपुर्ति व्यवस्थालाई सुचारु गरी नगरवासीलाई स्वच्छ खानेपानीको सहज आपुर्तिको व्यवस्था मिलाउने ।

५. लिफ्टिङ्ग खानेपानी आयोजना यथाशक्य छिटो सम्पन्न गर्ने गरी काम कारवाही अगाडी बढाउने ।

६. संस्थाको तर्फबाट तिर्नु बुझाउनु पर्ने साँवा, ब्याजको भुक्तानी गर्ने, कर्मचारीहरुको नियमित तलब भत्ता खर्च लेख्ने र दैवी प्रकोप परी खानेपानी आपुर्तिमा बाधा उत्पन्न भएमा नियमित आपुर्ति व्यबस्था सँग सम्बन्धित कार्यहरुमा मात्र खर्च गर्न सक्ने गरी आर्थिक जिम्मेवारी बहन गर्ने ।

७. बागलुङ नगरपालिका सँग नियमित समन्वयमा रही कार्य सञ्चालन गर्ने ।

८. उल्लेखित कार्यहरु बाहेकका अन्य कार्य गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्विकृति लिनु पर्नेछ ।

९. यसमा लेखिएका काम कारवाही बाहेक अन्य कुनै समस्या परेमा नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको बिधान बमोजिम गर्ने गराउने ।

**निर्णय नं. १०**

बागलुङ नगरपालिका वडा नं. ३ बस्ने श्री चित्र कुमारी पुनको नाममा नापी दर्ता भएको यस नगरपालिका वडा नं. १० स्थित कि.नं. २२५ र क्षेत्रफल २५-११-३-० को जग्गामा ग्राभेल, ढुंगा लगायतका निर्माण सामाग्री निकाल्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भएकोले सो को प्रयोजनार्थ सार्वजनिक सूचना प्रकाशित गरि दिनु भनी वडाको सिफारिश सहित चित्र कुमारी पुनको निवेदन पेश हुन आएकोले सो उपर छलफल हुँदा उल्लेखित कि.नं. को जग्गामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्दा लाग्ने कन्सल्टेन्सी परामर्शदाताको खर्च रकम निजले नै व्यहोर्ने गरी सूचना प्रकाशिनको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

चालु आ.व. ०८०/०८१ मा बागलुङ नगरपालिका क्षेत्रभित्र निर्माण हुने विकास निर्माण कार्यका लागि सिकर्मी, डकर्मी, ज्यामीको दैनिक ज्याला तथा स्थानीय निर्माण सामाग्रीको मूल्य निर्धारण गर्ने सम्बन्धमा मिति २०८०/०३/३१ गतेको बागलुङ जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत दररेटका छलफल हुँदा

CamScanner

बागलुङ जिल्लाको सदरमुकाम यसै नगरपालिकामा भएका कारण जिल्लाबाट निर्धारण भएको दररेटभन्दा बढी दररेट निर्धारण यस नगरपालिकाबाट गर्न नसकिने अवस्था भई बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठीत बागलुङ जिल्ला दररेट निर्धारण समितिबाट नै गरिएको सिकर्मी, डकर्मी, ज्यामीको दैनिक ज्याला तथा स्थानीय निर्माण सामाग्रीको मूल्य कायम गरी कार्यान्वयनमा ल्याउनका लागि यस नगर कार्यपालिका कार्यालयको सोहि दिनको सिफारिश निर्णयका आधारमा जिल्लाबाट गरिएको दररेट बमोजिम सिकर्मी, डकर्मी, ज्यामीको दैनिक ज्याला दररेट तथा स्थानीय निर्माण सामाग्रीको मूल्य निर्धारण गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १२**

राजश्व परामर्श समितिको सिफारिस र कार्यापालिकाको मिति २०८०।०२।०२ गतेको बैठकको निर्णय बमोजिम आ.व. ०८०।०८१ को लागि चिप्लेटी बसपार्कको पार्किङ शुल्कको न्युनतम अंक रु ५००,०००।, कवाडी तथा निकासी करको न्युनतम अंक रु १६००,०००।, मालढुङ्गा ल्याण्डफिल साईटको कवाडि संकलनको न्युनतम अंक रु ८००,०००। र विज्ञापन करको न्युनतम अंक रु ५००,०००। कायम गरी १५ दिने शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गरिएकोमा मालढुङ्गा ल्याण्डफिल साईटको कवाडि संकलनको लागि कुनै पनि दरभाउ पत्र प्राप्त हुन नआएको हुँदा पुनः दोश्रो पटक सोहि दररेटमा सुचना प्रकाशन गर्दा समेत दरभाउ पत्र पेश हुन नआएकोले राजश्व परामर्श समितिको निर्णय बमोजिम न्युनतम अंक रु ७००,०००। कायम गरी मालढुङ्गा ल्याण्डफिल साईटको कवाडि संकलनको लागि तेश्रो पटक सुचना प्रकाशन गर्ने र सुचनाको म्याद भित्र दरभाउ पत्र पेश हुन नआएमा उल्लेखित न्यूनतम अंक नघटने गरी सोझै कुनै पक्ष संग सम्झौता गरी कर संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

बागलुङ नगरपालिकाको स्वीकृत मौजुदा सडक मापदण्ड र सडक अधिकार क्षेत्र भित्र बनाईएका घर, टहरा, पर्खाल, ट्रस, छाना, रेलिङ जस्ता संरचना हटाई सडक मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गर्न गराउनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमको प्रकृया अगाडि बढाउने गरी मिति २०७९/०७/१७ गतेको बैठकको निर्णय बमोजिम विभिन्न मितिमा ९० दिनको सुचना, १५ दिनको सुचना प्रकाशन गरी संरचना हटाउनको लागि पर्याप्त समायावधी दिईएकोमा सम्वन्धीत जग्गा धनिले संरचना नहटाएको कारण नगरपालिकाको १३ औ नगरसभाबाट मापदण्डलाई पूर्ण कार्यान्वयन गरी अवैध र मापदण्ड भित्र परेका संरचना हटाउने गरी भएको निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त

CS CamScanner

निर्णय कार्यान्वयनको लागी प्राविधिकहरुद्वारा मापदण्डको नापजाँच गरी संरचनाको हटाउनु पर्ने भागमा चिन्ह लगाउने र उक्त संरचना धनिलाई सो बारेमा जानकारी गराई आगामी भाद्र १ गते देखि अवैध संरचना हटाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

बर्षादको समयमा बाढि, पैह्रोको कारण नगर क्षेत्र भित्रका सड्कहरुमा हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्नको बागलुङ नगरपालिकाका वडा नं. ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ वडा कार्यालय मार्फत प्रति वडा दुई (२) जनाको दरले प्रति व्यक्ति ४५ दिन सम्म काम काज गर्ने गरी सडक हेरालु राख्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

बागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कामलाई चुस्त, दुरुस्त, छिटो छरितो र पादरर्शि ढंगबाट संम्पादन गर्नको लागि चालु आवमा गर्नु पर्ने कार्यको सूची, नतिजा प्राप्तीका सुचक उल्लेख गरी नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत वीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।